ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

प.सं.एशियन लाईफ च.नं.क.प्र.२८७ ०७९/०८०

मिति: २०७९/०५/२३

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**बिषय : १४औ बार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बारे ।**

महोदय ,

यस कम्पनीको मिति २०७९/०५/२२ गते दिउसो ३:०० बजे बसेको संचालक समितिको १७४औ बैठकको निर्णय नं.२ अनुसार कम्पनीको १४औ बार्षिक साधारणसभा आगामी मिति २०७९/०६/१३ गते बिहिवार गर्ने निर्णय गरेको व्यहोरा अनुरोध गर्दै बार्षिक साधारण सभाका छलफलका बिषयहरु तथा शेयर दाखिल खारेज सम्बन्धी निम्नानुसारको विवरण जानकारीका लागि अनुरोध गर्दछौ ।

| | |
|---|---|
| शेयर दाखिला खारेज मिति (Book Close Date) | २०७९/०६/०४ गते एक दिनका लागि |

**छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०७७/७८ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

३. संचालक समितिबाट प्रस्तावित ०.७६% प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) रु.१,९३,८२,९५१/– पारित गर्ने बारे ।

४. आर्थिक बर्ष ०७८/७९ को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१.आर्थिक वर्ष २०७७/७८ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.२,५३९,८३५,०००/– को बोनस शेयर १४.५०% ले हुन आउने रु.३६,८२,७६,०७५/– दरले हुने बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२.उल्लेखित बोनस शेयर पश्चातको हदसम्म जारि तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारे ।

३. विशेष प्रस्ताव अन्तर्गत नं.२ र ४ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

४.कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र सर्वसाधारण शेयरको ६०:४० अनुपातलाई श्री बीमा समितिको स्वीकृति पश्चात परिवर्तन गरी ५१:४९ प्रतिशत कायम गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने र तदनुरुप प्रवन्धपत्रको दफा ६(२) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

ग) विविध ।

भवदीय

(प्रकाश सिंह कठायत )
**कम्पनी सचिव**

**बोधार्थ:**

| | |
|---|---|
| १.श्री बीमा समिति<br>कुपण्डोल, ललितपुर : | जानकारीको लागि । |
| २.श्री नेपाल धितोपत्र बोर्ड<br>जावलाखेल ललितपुर: | " " " " |
| ३.श्री सि डि एस एण्ड क्लियरीङ लि<br>पुतलीसडक, काठमाण्डौ : | " " " " |
| ४.श्री एनआईबिएल एस क्यापिटल लि.<br>लाजिम्पाट, काठमाण्डौ : | " " " " |

"सामाजिक सुरक्षा र बचतको लागि बीमा गरौं"

# एशियन लाईफ इन्स्योरेन्स कं.लि.को

## १४औं वार्षिक साधारण सभा बस्ने सूचना

यस एशियन लाइफ इन्स्योरेन्स क.लि.को मिति २०७९ भाद्र २२ गते दिउसो ३:०० बजे बसेको संचालक समितिको १७४ औं बैठकको निर्णयानुसार १४औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०७९/०६/१३ गते बिहिवार (तदनुसार, सेप्टेम्बर २९, २०२२)

स्थान : होटल क्लासिक सिमरा, बारा ( Meeting ID/Password) ईमेल मार्फत उपलब्ध गराइनेछ ।

समय : बिहान ११.३० बजे

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष.२०७७/७८ (NFRS बमोजिम) आषाढ मसान्तसम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

३. संचालक समितिबाट प्रस्तावित ०.७६ प्रतिशत नगद लाभांश कर प्रयोजनको लागि रु.१,९३,८२,९५१/- पारित गर्ने बारे ।

४. आर्थिक वर्ष ०७८/७९ को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०७७/७८ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.२,५३९,८३५,०००/- को बोनश शेयर १४.५० प्रतिशत ले हुन आउने रु.३६,८२,७६,०७५/- दरले हुने बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. उल्लेखित बोनश शेयर पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती गर्ने बारे ।

३. विशेष प्रस्ताव अन्तर्गत नं.२ र ४ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

४. कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र सर्वसाधारण शेयरको ६०:४० अनुपातलाई श्री बीमा समितिको स्वीकृति पश्चात परिवर्तन गरी ५१:४९ प्रतिशत कायम गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने र तदनुरुप प्रबन्धपत्रको दफा ६(२) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

**ग) विविध ।**

## साधारण सभा सम्बन्धि सामान्य जानकारीहरु

१. कम्पनीको शेयर दाखिला खारेजको काम यही मिति २०७९/०६/०४ गते एक दिनका लागि बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरीएको मिति भन्दा अगावै अर्थात २०७९/०६/०३ गते सम्म शेयर खरिद गरी प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाटमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र यस बार्षिक साधारण सभामा भाग लिन पाउने छन ।

२. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारीक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

३. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका ११:०० बजे देखि १२:०० बजेसम्म खुल्ला रहनेछ । साथै कम्पनीका शेयरधनी महानुभावहरुले यस सभामा अनलाइन माध्यमबाट सहभागिता जनाउन सक्नुहुनेछ । अनलाईन माध्यमबाट उपस्थित हुने शेयरधनीहरुको हाजिरी ११:०० बजेबाट ११:३० बजेसम्म भर्चुअल माध्यमबाट खुल्ला गरिनेछ र ११:३० बजे पश्चात आफूलाई कम्पनीले उपलब्ध गराएको ID/Passcode को माध्यमबाट Zoom Login गरी आफ्नो परिचयपत्र सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ । शेयरधनीको उपस्थितिबाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भएपश्चात सभाको कारवाही अगाडी बढाइने छ ।

४. छलफलका विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय लिखितरुपमा कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई संबोधन गरी प्रधान कार्यालय, मैतिदेवी काठमाण्डौमा दर्ता गर्नुपर्नेछ । तर सो विषय छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

५. कुनै एक शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ त्यसपछि आउने प्रोक्सी स्वत:बदर वा अमान्य हुनेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि- पत्र (प्रोक्सी फारम) भरी कम्पनीको प्रधानकार्यालयमा सभा शुरु हुनुभन्दा ४८ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ ।

७. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यस पछि आउने प्रोक्सी स्वत:बदर वा अमान्य हुनेछ ।

८. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन चाहेमा शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाडी सो व्यहोराको लिखित पत्र प्रधानकार्यालय मैतीदेवीमा दर्ता गर्नु पर्नेछ ।

९. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनीधि तोक्न सक्नुहुनेछ । तर संरक्षक आफैं संचालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।

१०.कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा आधिकारीक प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ । प्रोक्सीको हकमा पनि सोही व्यवस्था लागू हुनेछ ।

११.शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको प्रधान कार्यालय एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौं तथा अधिराज्य भरी रहेका ४७ वटा शाखा कार्यालयहरुवाट प्राप्त गर्न सकिनेछ । साथै सभाको सूचना र वित्तीय विवरण कम्पनीको वेवसाईट www.asianlife.com.np मा समेत हेर्न सकिनेछ ।

१२.साधारणसभा सम्बन्धि थप जानकारीको लागि कम्पनीको प्रधानकार्यालय एशियन लाईफ भवन मैतिदेवी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

१३. सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।


ASIAN Life Insurance Company

एशियन लाईफ इन्स्योरेन्स कं. लि.

प्रधान कार्यालय

एशियन लाईफ भवन, मैतीदेवी, काठमाण्डौं

फोन नं. ०१-४५१०११५, ४५३०२७०

इमेल: asianlife@asianlife.com.np

www.asianlife...


कारोवार राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७९/०५/२३ गते प्रकाशित गरिएको ।